जोशीपुर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जोशीपुर, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

प.स.:- २०७७/०७८

च.न.:-

मिति :- २०७७०५।०४

**सूचना !** **सूचना !!** **सूचना !!!**

प्रस्तुत बिषयमा जिल्ला प्रशासन कार्यालय, कैलालीद्धारा मिति २०७७/०५/०३ गते जारी निषेधाज्ञालाई मध्यनजर गर्दै यस जोशीपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय र सवै वडा कार्यालयहरु मिति २०७७ भाद्र ०५ गते देखी २०७७ भाद्र १४ गते सम्म यस कार्यालयबाट प्रवाह गरिने सम्पूर्ण सेवाहरु बन्द रहने जानकारी गराईन्छ । यसबाट सेवाग्राहीमा पर्न गएको असुविधाप्रति गाउँपालिका क्षमा प्रार्थी छ ।

प्रमुख प्रशासकीय अधिकृतबाट कार्यालय कामकाजका लागि उपस्थित हुन निर्देशन प्राप्त भएको बखत कार्यालयमा अनिबार्य उपस्थित हुने गरि, अन्य अवस्थामा सुरक्षित रुपमा घरबाटै कार्य- सम्पादन गर्न हुन सम्पूर्ण गाउँ कार्यपालिकाको कार्यालय र सवै वडा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई जानकारी गराइन्छ ।

**नोट :-** प्रमुख प्रशासकीय अधिकृतको निर्देशनलाई अटेर गरि कार्यालयमा कामकाजको लागि कुनै पनि बहानामा उपस्थित नहुने कर्मचारीलाई गयल कट्टी गरि प्रचलित कानून बमोजिम कारवाही प्रकृया अघि बढाइने छ ।

कमल राज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

कमल राज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण चौधरी
अध्यक्ष

रामकृष्ण चौधरी
अध्यक्ष

आज मिति २०७७।०५।०३ गते प्रमुख जिल्ला अधिकारी श्री यज्ञराज बोहराको अध्यक्षतामा तपसिलमा उल्लेखित पदाधिकारीको उपस्थितीमा जिल्ला संकट व्यवस्थापन केन्द्रको बैठक बसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति:-

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्र.जि.अ. | - | श्री यज्ञराज बोहरा | - | जिल्ला प्रशासन कार्यालय कैलाली | - | अध्यक्ष |
| मे.सु. | - | डा. हेमराज पाण्डे | - | सेती प्रादेशिक अस्पताल कैलाली | - | सदस्य |
| स.प्र.जि.अ. | - | श्री हिरालाल चौधरी | - | जिल्ला प्रशासन कार्यालय कैलाली | - | सदस्य |
| प्रमुख सेनानी | - | श्री विकास के.सी. | - | नेपाली सेना भवानी दल गण | - | सदस्य |
| प्र.उ. | - | श्री अनुपम समशेर जवरा | - | जिल्ला प्रहरी कार्यालय कैलाली | - | सदस्य |
| स.प्र.उ | - | श्री दिपेन्द कुवर | - | सशस्त्र प्रहरी बल नं. ३४ गण धनगढी | - | सदस्य |
| उप-अ.नि. | - | श्री विकास पाण्डे | - | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | - | सदस्य |
| प्र.अ. | - | श्री शिवराज जोशी | - | जिल्ला प्रशासन कार्यालय कैलाली | - | सदस्य सचिव |

आमन्त्रित

| | | | | |
|---|---|---|---|---|
| कार्यालय प्रमुख | - | श्री लाल वहादुर धामी | - | जिल्ला स्वास्थ्य कार्यालय कैलाली |

निर्णय:-

विश्वव्यापी महामारीको रूप लिएको कोभिड-१९ को संक्रमण यस जिल्लाभित्र निरन्तर बढिरहेको छ । यस जिल्लामा सोको रोकथाम तथा नियन्त्रणलाई थप प्रभावकारी बनाउन जरुरी देखिएकोले संक्रामक रोग ऐन, २०२० को दफा २ एवं स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम हाल मिति २०७७।०५।०४ गते राती १२:०० बजेदेखि २०७७।०५।१४ गते वेलुका १२:०० बजेसम्म जिल्लाभर लागू हुने गरी देहाय बमोजिमका गतिविधिहरू गर्ने/गराउने व्यवस्था मिलाउन यस जिल्लाका प्रमुख जिल्ला अधिकारीज्यूबाट आदेश जारी गर्न सिफारिश गर्ने निर्णय गरियो ।

देहाय

१. अत्यावश्यक सेवा तथा वस्तु बाहेकका अन्य सबै प्रकारका उद्योग, व्यापार व्यवसाय संचालन नगर्ने ।

२. औषधी, खाद्यवस्तु तथा अन्य अत्यावश्यक उपभोग्य वस्तु तथा सेवा खरिदको काममा बाहेक कुनै पनि व्यक्ति घरबाट बाहिर ननिस्कने । अत्यावश्यक कार्यका लागि घर बाहिर निस्कदा अनिवार्य रुपमा मास्कको प्रयोग तथा न्यूनतम भौतिक दूरी कायम गर्नु पर्नेछ ।

३. अत्यावश्यक सामाग्री लगायतका मालबाहक ढुवानीका सवारी साधन, भन्सारबाट जाँचपास भई आएका ढुवानीका साधन, स्वास्थ्यकर्मी तथा सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधन बाहेक अन्य सवारी साधनहरु जिल्ला भित्र प्रवेश निषेश गर्ने ।

४. जिल्ला भित्र सबै प्रकारका निजी तथा सार्वजनिक यात्रुबाहक सवारीसाधन सञ्चालन नगर्ने ।

५. कोभिड-१९ को संक्रमणको जोखिम नियन्त्रण, सो को रोकथाम, उपचार तथा व्यवस्थापन सम्बन्धी कार्यमा खटिनु पर्ने र अत्यावश्यक सेवा भनी नतोकिएका तर नियमित सेवा प्रदान गर्नुपर्ने अन्य कार्यालयमा आउन जानपर्ने राष्ट्रसेवक कर्मचारीको हकमा सम्बन्धित कार्यालय वा निकायले न्यूनतम कर्मचारी संख्या निर्धारण गरी कार्यालयले जारी गरेको फोटो सहितको परिचयपत्रको आधारमा सञ्चालन हुने सवारी साधन बाहेकका सवारी साधनहरु सञ्चालन नगर्ने ।

६. सवारी साधन सञ्चालनको लागि पूर्व अनुमति आवश्यक नपर्ने भनी तोकिएका अत्यावश्यकीय वस्तु तथा सेवा अन्तरगत पर्ने औषधी, खाद्यवस्तु, इन्धन, खाना पकाउने ग्याँस, तरकारी, फलफूल व्यवस्थापन, अस्पताल जाने आउने बिरामी, मृत्यु संस्कारका लागि अनिवार्य रुपमा सहभागी हुनुपर्ने कामका लागि प्रयोग गर्ने सवारी साधन जस्ता अति आवश्यक सेवा बाहेकका अन्य सवारी साधन सञ्चालन नगर्ने ।

७. कुनै पनि मेला, पर्व, महोत्सव, जात्रा सञ्चालन गर्ने, मानिसहरु भेला/जम्मा हुन, भिडभाड गर्ने, सभा जुलुस नगर्ने निषेश गर्ने ।

८. परम्परागत रुपमा भई आएको दैनिक रुपमा हुने आन्तरिक नित्य पूजा बाहेकका सम्पूर्ण धार्मिक, सांस्कृतिक गतिविधिहरु सञ्चालन तथा जमघट नगर्ने ।

९. शैक्षिक संस्थाहरु, प्रशिक्षण केन्द्रहरु, ट्यूशन सेन्टर, भाषा कक्षा लगायतका जमघट हुने गतिविधिहरु सञ्चालन नगर्ने ।

१०. सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, डिपार्टमेण्ट स्टोर (ग्रोसरी बाहेक), मनोरञ्जन स्थल, सैलुन, ब्यूटिपार्लर, स्पा, स्वीमिङ पुल, जिमखाना, समूहमा खेलिने खेलकुद, पुस्तकालय, संग्रहालय आदि सञ्चालन नगर्ने ।

११. फुटपाथ वा खुल्ला ठाउँ तथा ठेलागाडा वा साईकलमा सञ्चालन हुने विभिन्न व्यापार/व्यवसाय सञ्चालन एवं कवाडी संकलन नगर्ने ।

१२. होटेल, रेष्टुरा सञ्चालन नगर्ने/नगराउने ।

तर

१३. आवश्यक परेको अवस्थामा सरकारी तथा सार्वजनिक कार्यालयहरु न्यूनतम मात्रामा कर्मचारी उपस्थित गराई कार्यालय सञ्चालन गर्ने र सो वाहेक कर्मचारीहरुलाई सुरक्षित रुपमा घरबाटै सम्पादन गर्न सकिने तोकिएका कार्यहरु गर्नको लागि सम्वन्धित कार्यालय प्रमुखले व्यवस्था मिलाउने ।

१४. बैंकिङ सेवा लगायत विभिन्न निकायहरुले भर्चुअल वा विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनु पर्नेछ । सो सम्भव नभएमा स्वास्थ्य सुरक्षाको मापदण्ड र भौतिक दुरी कायम गरी/गराई नेपाल राष्ट्र बैंकले तोकेको संख्यामा वा न्यूनतम मात्र कर्मचारी उपस्थित गराई सेवा प्रवाह गर्न सक्नेछ ।

१५. औषधी, स्वास्थ्य सामाग्री र स्वास्थ्य सम्वन्धि कार्यको हकमा आवश्यकता अनुसार स्वास्थ्य सुरक्षाको मापदण्ड र भौतिक दुरी कायम गरी/गराई सञ्चालन गर्नु पर्ने ।

१६. खाद्यान्न, तरकारी, दुध, फलफल, माछा, मासु लगायत अत्यावश्यक वस्तुहरुका हकमा विहान ५:०० वजे देखि ९:०० वजेसम्म (४ घण्टा मात्र) स्वास्थ्य सुरक्षाको मापदण्ड र भौतिक दुरी कायम गरी/गराई सञ्चालन गर्ने ।